धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८८ ◆ २०८३ असोज २८ बुधबार ◆ Wednesday, October 14, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## किष्ट सेन्टरमा क्यान्सरका बिरामीलाई तीन सातासम्म निःशुल्क सेवा

प्रत्यूष समाचारदाता

काठमाडौँ । किष्ट क्यान्सर सेन्टरले क्यान्सरका बिरामीलाई तीन सातासम्म निःशुल्क जनरल बेड र टेलिमेडिसिन सेवा उपलब्ध गराउने भएको छ ।

ललितपुरको किष्ट शिक्षण अस्पतालले प्यालिएटिभ केयर सेवा सुरु गरेको एक वर्ष पूरा भएको अवसरमा स्तन क्यान्सर सम्बन्धी सचेतना अभियान 'पिङ्क अक्टोबर' का सन्दर्भमा तीन हप्ताका लागि उक्त सेवा घोषणा गरिएको अस्पताका प्रबन्ध निर्देशक डा अभिषेक थापाले जानकारी दिनुभयो। बिरामीले असोज २६ देखि कात्तिक १४ सम्म निःशुल्क जनरल बेड र टेलिमेडिसिन सेवा प्राप्त गर्न सक्नेछन् । आर्थिक अवस्था कमजोर भएका तथा भौगोलिक कठिनाइका कारण स्वास्थ्य सेवामा सहज पहुँच नपुगेका बिरामीलाई लक्षित गरी उक्त सेवा प्रदान गर्न लागिएको हो । निर्देशक डा थापाले 'प्यालिएटिभ केयर' सेवाको मुख्य उद्देश्य बिरामीको पीडा कम गर्नु, जीवनको गुणस्तर सुधार गर्नु तथा बिरामी र तिनका परिवारलाई आवश्यक साथ र सहयोग प्रदान गर्नु रहेको बताउनुभयो ।

# चितवनमा स्क्रब टाइफसका सङ्क्रमित २३४ पुगे

प्रत्यूष समाचारदाता

चितवन । चितवनमा चालु आर्थिक वर्षमा स्क्रब टाइफसबाट सङ्क्रमित हुनेको सङ्ख्या २३४ पुगेको छ ।

जनस्वास्थ्य कार्यालय चितवनले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्लाभित्रका १४२ जना र बाहिरि जिल्लाबाट उपचार का लागि आएका ९२ जना गरी कुल २३४ जनामा स्क्रब टाइफसको सङ्क्रमण पुष्टि भएको हो ।

कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले हालसम्म एक हजार ८१६ जनाको नमूना परीक्षण गरिएकामा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको बताउनुभयो । उहाँका अनुसार जिल्लाका स्थानीय तहअनुसार सबैभन्दा बढी रत्ननगर नगरपालिकामा ४६ जना (१८ पुरुष, २८ महिला) र भरतपुर महानगर पालिकामा ३२ जना (नौ पुरुष, २३ महिला)मा सङ्क्रमण पुष्टि भएको छ त्यसैगरी खैरहनी नगर पालिकामा २२ जना, राप्ती नगरपालिकामा २०, कालिका नगरपालिकामा १७, माडी नगर पालिकामा तीन र इच्छाकामना गाउँपालिकामा दुई जनामा सङ्क्रमण देखिएको छ । कार्यालयका अनुसार सङ्क्रमित हुनेमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी छ ।

जिल्लाभित्रका सङ्क्रमित १४२ जनामध्ये ५२ पुरुष र ९० महिला छन् भने बाहिरि जिल्लाबाट आएका ९२ सङ्क्रमितमध्ये ३४ पुरुष र ५८ महिला छन् । हालसम्म जिल्लामा स्क्रब टाइफसका कारण कसैको मृत्यु भएको छैन ।

के हो स्क्रब टाइफस र कसरी सर्छ ? स्क्रब टाइफस 'ओरि-एन्टिया सुत्सुगामुसी' नामक जीवाणुबाट सङ्क्रमित मुसामा पाइने सुक्ष्म किर्ना (माइट वा चिगर)को टोकाइबाट मानिसमा सर्ने सङ्क्रामक रोग हो ।

जुम्राभन्दा सुक्ष्म हुने यो किर्ना प्रायः नाङ्गो आँखाले देख्न सकिँदैन र यो विशेषगरी मुसाको कान वा शरीरमा बस्ने गर्छ । घाँस वा झाडीमा किर्ना झरेको अवस्थामा मानिसको सम्पर्कमा आउँदा यसको सङ्क्रमण हुन्छ । यद्यपि, यो रोग मानिसबाट मानिसमा भने सर्दैन ।

स्क्रब टाइफस भएमा उच्च ज्वरो आउने, अत्यधिक टाउको दुख्ने, शरीर, मांसपेशी तथा जोर्नीहरू दुख्ने, अत्यधिक कमजोरी महसुस हुने, वाकवाकी लाग्ने र शरीरमा बिमिरा देखिनजस्ता लक्षण देखिन्छन् । विशेषगरी किर्नाले टोकेको ठाउँमा कालो दाग वा घाउ बन्नु यसको मुख्य पहिचान हो ।

समयमै उपचार नभएमा यसले फोक्सो, कलेजो, मिर्गौला र मस्तिष्कमा असर गरी अङ्ग फेल हुने वा मृत्युसमेत हुनसक्ने स्वास्थ्यकर्मीहरू बताउँछन् । भेक्टर कन्ट्रोल निरीक्षक केसीले यो मौसममा स्क्रब टाइफसको जोखिम निरन्तर रहँदै आएकाले घर वरपरको झाडी सफा राख्न, खेतबारी वा घाँसपात गर्दा शरीर ढाक्ने लुगा लगाउन र लक्षण देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गएर परीक्षण तथा उपचार गराउन आग्रह गर्नुभयो ।

## ठगी गर्ने चार जना पक्राउ

काठमाडौँ । वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै रु ८० लाख ४८ हजार ठगी गरेको आरोपमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बागलुङको तमानखोला गाउँपालिका-४ का २२ वर्षीय दीपक श्रीपाली, ललितपुरको महालक्ष्मी नगरपालिका-५ की ३४ वर्षीया नेहा अधिकारी, पाँचथरको याङवरक गाउँपालिका-६ का ४२ वर्षीय सुमन योङहाङ र चन्द्रागिरि नगरपालिका-६ की ४२ वर्षीया सुस्मिता नेपाली रहेका छन् ।

प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार उनीहरूले वैदेशिक रोजगारीका लागि टर्की, बेलायत र दक्षिण कोरिया पठाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम लिइ सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको हो । चारै जनाले गरी रु ८० लाख ४८ हजार ठगी गरेको आरोप लागेको छ । उनीहरूलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरिएको छ ।

## जोखिमयुक्त नदी किनारका बस्ती सुरक्षित गर्न आग्रह

प्रत्यूष समाचारदाता

काठमाडौं । राष्ट्रियसभाको भोटेकोशी तथा कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सभापति कृष्णप्रसाद पौडेलले नदी किनारका जोखिम युक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण नगरी विपद् जोखिम न्यूनीकरण सम्भव नहुने भन्दै त्यसका लागि सरकारले नीतिगत तथा दबाबमूलक कार्यक्रम अघि बढाउनु पर्नेमा जोड दिनुभएको छ ।

मंगलबारको बैठकमा उहाँले नदी किनारका बस्ती अत्यधिक जोखिममा रहेको तथ्य ढिलोचाँडो स्वीकार गर्नुपर्ने भन्दै जनचेतनामूलक कार्यक्रमबाट मात्रै जोखिमयुक्त बस्ती स्थानान्तरण सम्भव नभए सरकारको नीति तथा कार्यक्रममा नै त्यसलाई समेटेर आवश्यक कदम चाल्नुपर्ने समेत बताउनुभयो । उहाँले जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीलाई थप व्यवस्थित र वैज्ञानिक बनाउनुपर्ने बताउनुभयो । विकसित मुलुकहरूले अपनाएका पूर्वसूचना प्रणाली तथा विधि पद्धतिको अध्ययन गरी नेपालमा समेत उपयुक्त प्रणाली अवलम्बन गर्नुपर्ने उहाँको भनाइ थियो । सभापति पौडेलले समितिले तयार पार्ने अध्ययन प्रतिवेदन तत्कालीन विपद् व्यवस्थापनमा मात्र सीमित नभई भविष्यका लागि मार्गदर्शक बन्ने गरी व्यापक र विश्लेषणात्मक हुनुपर्ने बताउनुभयो । समितिका सदस्यहरूले बैठकमा दिएका सुझावलाई समेत समेटेर समिति को कार्यक्षेत्रलाई थप परिमार्जन गरी पारित गरिएको जानकारी दिनुभयो ।

राष्ट्रियसभामा गठन गरिएको विशेष समितिको आजको उक्त बैठक विस्तृत कार्यक्षेत्रमा केन्द्रीत रहेको थियो ।

कार्यक्षेत्रमा विपद्को कारण, जोखिम तथा क्षतिको वैज्ञानिक मूल्याङ्कन, विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पूर्वसूचना, खोज, उद्धार, उपचार तथा मानवीय प्रतिकार्य, राहत, क्षतिपूर्ति तथा प्रभावितको सामाजिक संरक्षण, पुनःस्थापना, पुनर्वास तथा सुरक्षित बस्ती विकासलाई समेटिएको छ ।

त्यस्तै विपद् प्रतिरोधी पूर्वाधार पुनर्निर्माण तथा विकास, अन्तरसरकारी, सीमापार तथा अन्तरराष्ट्रिय सहकार्य, जलवायु न्याय, कानुनी तथा नीतिगत सुधार र दीर्घकालीन मार्गचित्र निर्माण समेत समितिको कार्यक्षेत्र तोकिएको छ । समितिले विपद् व्यवस्थापनलाई तत्कालीन उद्धार तथा राहतमा मात्र सीमित नगरी पूर्वतयारीदेखि पुनर्निर्माण र सुरक्षित बस्ती विकाससम्मका विषयलाई एकीकृत रूपमा अध्ययन गर्ने जनाएको छ । विसं २०८३ भदौ १० गतेको भोटेकोशी बाढी तथा त्यसपछिका वर्षाजन्य विपद्बाट भोटेकोशी, त्रिशूली र कालीगण्डकी करिडोरमा भएको जनधन, पूर्वाधार, जीविकोपार्जन तथा वातावरणीय क्षतिलाई सम्बोधन गर्न तत्कालीन राहतसँगै पुनस्थापना, पुनर्वास, सुरक्षित पुनर्निर्माण तथा दीर्घकालीन जोखिम न्यूनीकरणका लागि राष्ट्रियसभामा विशेष समिति गठन गरिएको हो ।

उक्त समितिमा सभापति पौडेलसहित राष्ट्रियसभा सदस्यहरू गीता देवकोटा, घनश्याम रिजाल, श्रीकृष्णप्रसाद अधिकारी, सम्भना देवकोटा, सोमनाथ पोर्तेल, पूजा चौधरी र तुलप्रसाद विश्वकर्मा सदस्य हुनुहुन्छ ।

## धादिङमा स्वास्थ्य कार्यसम्पादन मूल्याङ्कनमा नीलकण्ठ प्रथम

प्रत्यूष समाचारदाता

धादिङबेसी । स्वास्थ्य सेवा,प्रमुख स्वास्थ्य सूचक तथा कार्यसम्पादन मूल्याङ्कनमा नीलकण्ठ नगरपालिका धादिङका स्थानीय तहमध्ये प्रथम भएको छ । जनस्वास्थ्य कार्यालय धादिङले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित स्वास्थ्य कार्यक्रमको जिल्लास्तरीय वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीका अवसरमा गरेको मूल्याङ्कनमा नीलकण्ठ नगरपालिकाले ७७ दशमलव ५५ अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गरेको हो । मूल्याङ्कनमा बेनिघाट रोराङ गाउँपालिका ६५ दशमलव ६८ अङ्कसहित दोस्रो र त्रिपुरासुन्दरी गाउँपालिका ६१ दशमलव ०६ अङ्कसहित तेस्रो भएका छन् । बागमती प्रदेश सरकारअन्तर्गत स्वास्थ्य निर्देशनालय र जनस्वास्थ्य कार्यालय धादिङको आयोजनामा सम्पन्न कार्यक्रममा स्वास्थ्यका विभिन्न सूचक, सेवा प्रवाह तथा कार्यसम्पादनका आधारमा स्थानीय तह तथा स्वास्थ्य संस्थाको मूल्याङ्कन गरिएको थियो । प्रथम भएको नीलकण्ठ नगरपालिकाका तर्फबाट वरिष्ठ जनस्वास्थ्य अधिकृत विष्णुप्रसाद रिजाललाई जिल्ला समन्वय समिति धादिङका उपप्रमुख कुलमान विक र प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम)ले प्रशंसापत्र प्रदान गर्नुभयो । वरिष्ठ जनस्वास्थ्य अधिकृत रिजालले प्राप्त उपलब्धिले स्वास्थ्य सेवा थप प्रभावकारी र परिणाममुखी बनाउन जिम्मेवारी बढाएको बताउनु भयो । स्थानीय तह, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी बीचको समन्वयबाट नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा थप सुधार गर्न सकिने उहाँको भनाइ छ । स्वास्थ्य संस्थातर्फ महादेवबेँसी स्वास्थ्य चौकी प्रथम र मैदी स्वास्थ्य चौकी दोस्रो भएका छन् । आधारभूत अस्पतालतर्फ बेनिघाट आधारभूत अस्पताल प्रथम भएको जनस्वास्थ्य कार्यालय धादिङले जनाएको छ ।

## चितवनमा दुई जातका अङ्गुरको परीक्षण सुरु गरिँदै

चितवन । पूर्वी चितवनको रत्ननगर नगरपालिकाले अङ्गुरखेती को परीक्षण सुरुआत गरेको छ । रत्ननगर नगरपालिका-९ सिसही मा सोनाका ग्रिन र सोनाका कालो जातको अङ्गुरको परीक्षण सुरु गरिएको हो ।

पालिकाको कृषि शाखा प्रमुख प्रवीण लामाका अनुसार परीक्षण स्वरुप पालिकाले चार सय वटा अङ्गुरका बिरुवा लगाएको छ । नगरपालिकाले आफ्नै निगरानीमा बिरुवा लगाएको उहाँले सो क्रममा बताउनुभयो । न्यानो हावापानी क्षेत्रमा हुने ती दुई जातको परिक्षण सुरु गरिएको उहाँले जानकारी दिनुभयो । भारतबाट बिरुवा ल्याएर परीक्षण सुरु गरिएको हो । उहाँले भन्नुभयो, "परीक्षण सफल भयो भने कृषकलाई अङ्गुरखेती गर्न प्रोत्साहन गर्ने योजना नगर पालिकाको रहेको छ ।"

सोनाका ब्ल्याक जातको अङ्गुर किस्मिस बनाउन प्रयोग गरिन्छ भने ग्रिन फलफूलका रुपमा खान प्रयोग गरिने उहाँले जानकारी दिनुभयो । नगरपालिकाले रु पाँच लाखको लागतमा आफ्नै निगरानी मा परीक्षण गरिरहेको छ । यसलाई जाइका नेपालले प्राविधिक सहयोग गरेको उहाँले बताउनुभयो । गत असारमा अङ्गुरको बिरुवा ल्याएर रोपिएको हो । रोपेको एक वर्षपछि उत्पादन दिन थाल्ने उहाँले जानकारी दिनुभयो । अहिले अङ्गुर रोपिएको ठाउँको रेखदेखका लागि जाइकाले एक जना स्वयंसेवी खटाएको छ । जसले नियमित अङ्गुरको रेखदेख र वृद्धिविकासका बारेमा ध्यान दिने गरेको उहाँले बताउनुभयो । अङ्गुरको वृद्धिविकास अहिले राम्रो भएको बताउँदै उहाँले भावि दिनमा उत्पादन कस्तो हुन्छ हेर्न बाँकी रहेको बताउनुभयो । रत्ननगर नगरपालिकाका प्रमुख प्रलाद सापकोटाले कृषि र पर्यटन जोड्नका लागि पालिकाले परीक्षण थालेको बताउनुभयो । पर्यटकीय नगरी सौराहा रत्ननगरमा पर्दछ । यहाँ आउने पर्यटकलाई अङ्गुर फारम घुमाएर कृषिसँग जोड्ने



योजना रहेको उहाँले बताउनुभयो । परीक्षण सफल भएमा यसलाई विस्तार गर्दै लगेर उद्योगको रुपमा विस्तार गर्ने योजनाअनुसार काम गरिएको उहाँले बताउनुभयो । धानखेतीमा भन्दा यसमा आम्दानी लिन सजिलो र बढी आम्दानी हुने भएकाले खेती गरिएको हो ।

## सम्पादकीय ....

### हामी नेपालीको दसैंपर्व

दसैं नेपालीहरूको महान् तथा प्रमुख चाड हो। यो चाड आश्विन महिनामा पर्दछ। दसैंलाई बडादसैं पनि भनिन्छ। नेपालमा विभिन्न जातजाति र समुदायका मानिसहरूले यो चाड हर्षोल्लासका साथ मनाउँछन्। दसैंले हाम्रो धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको छ।

हामी दसैं मनाउनुको मुख्य कारण असत्यमाथि सत्यको विजय र अन्यायमाथि न्यायको विजय भएको सम्झनु हो। धार्मिक मान्यताअनुसार, देवी दुर्गाले महिषासुर नामक राक्षसलाई वध गरेर संसारलाई अत्याचारबाट मुक्त गराएकी थिइन्। त्यसैगरी, भगवान् रामले रावणमाथि विजय प्राप्त गरेको विश्वास पनि गरिन्छ। यी घटनाले हामीलाई सत्यको बाटोमा हिंड्न र अन्यायको विरोध गर्न प्रेरणा दिन्छन्।

दसैंमा घटस्थापनादेखि नवदुर्गाको पूजा गरिन्छ। फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी यस चाडका प्रमुख दिन हुन्। विजयादशमीका दिन हामी मान्यजनबाट रातो टीका, जमरा र आशीर्वाद ग्रहण गर्छौं। यस समयमा टाढा रहेका परिवारका सदस्य तथा आफन्तहरू घर फर्कन्छन्। सबैजना एकै ठाउँमा भेला भएर खुसी साटासाट गर्छन्।

दसैंमा घर सफा गर्ने, नयाँ लुगा लगाउने, मीठा परिकार खाने र आफन्तसँग भेटघाट गर्ने चलन छ। बालबालिकाहरू पिङ खेल्छन् र रमाइलो गर्छन्। दसैंले परिवार तथा समाजमा प्रेम, सद्भाव, एकता र भाइचाराको भावना बढाउँछ। यसले हाम्रो मौलिक संस्कृति र परम्पराको संरक्षण गर्न पनि मद्दत गर्छ।

दसैं केवल रमाइलो गर्ने चाड मात्र नभई सत्य, न्याय, प्रेम र एकताको सन्देश दिने महान् पर्व हो। त्यसैले हामीले दसैंलाई आपसी सद्भाव र खुसीका साथ मनाउनुपर्छ। साथै, यस चाडको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई भावी पुस्तासम्म पुऱ्याउनुपर्छ।

नेपालमा विभिन्न जातजाति र समुदायका मानिसहरूले यो चाड हर्षोल्लासका साथ मनाउँछन्। दसैंले हाम्रो धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको छ।

नवरात्रको सबैभन्दा असहज प्रश्न यही हो-देवीको पूजा गर्न हामीलाई नौ रात चाहिन्छ तर आफ्नै स्वभाव बदल्न कति रात चाहिन्छ ? महिषासुरलाई मार्ने कथा हामी श्रद्धापूर्वक सुन्छौं तर आफ्नै भित्रको महिषासुरलाई चिन्न चाहिँ किन यति हिच्किचाउँछौं ? कदापि हामी त्यस खालका कार्यमा पछि पर्नु हुँदैन। दशैं पर्वलाई भव्यतापूर्वक मनाउनु र ठूलो आर्थिक नोक्सानीलाई ध्यान दिने हो भने मात्रै पनि दशैं पर्वले साच्चै आफ्ना आफन्त मान्यजन तथा स्टमित्रहरुसंगको भाईचारका दृष्टिकोणमा पनि यसको निकै महत्वपूर्ण छ त्यसमानेमा पनि दशैंलाई व्यवस्थित रुपमा मनाउँदै लैजानुपर्छ त्यो नै आजको मुल आवश्यका पनि हो।

विजयादशमी, तिहार, नेपाल संवत् र छठको नयाँ वर्षतर्फ अगाडि बढिरहेको यो ऋतु-यात्राले घरमा सुख, मनमा शान्ति, सम्बन्धमा आत्मीयता र समाजमा सद्भाव ल्याओस् हार्दिक शुभकामना !

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०, ९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# विपद् आइपर्दा पूर्वतयारीको कार्यान्वयन : रेडक्रस प्रतिकार्यकर्मीको दृष्टिकोण



विनिता पौडेल

रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गतेको बिहान आकस्मिक बाढी गयो। अकल्पनीय विनाशकारी बाढीमा व्यक्तिगत घरहरू बगे अनि क्षतिसमेत भए। जलविद्युत् आयोजना, सडक, विद्यालय, स्वास्थ्य संस्थाजस्ता पूर्वाधारहरुमा क्षति भयो। बाढीको शक्तिशाली भेलले बगाएका आफ्ना प्रियजनका खोजीमा परिवारजन, तथा आफन्तजन भौतारिनुपर्ने, तड्पिनुपर्ने र चिन्तित हुनुपर्ने अवस्था आयो।

नेपाल रेडक्रस सोसाइटी द्वारा परिचालित प्रारम्भिक प्रतिकार्यकर्ताहरूमध्ये राष्ट्रिय प्रतिकार्य टोली 'एनआरटी'का सदस्यद्वय नवीनराज तिवारी र प्रकाश कार्की पनि हुनुहुन्थ्यो।

उहाँहरू दुवैका लागि यस विपद्ले प्रभावकारी आपत्कालीन प्रतिकार्यका लागि साहस र प्रतिबद्धता मात्र पर्याप्त नहुने, बरु पूर्वतयारी, समन्वय र समुदायलाई सबैभन्दा बढी सहयोगको लागि महत्वपूर्ण आवश्यकता परेका समयमा छिटो र प्रभावकारी रूपमा परिचालित हुन सक्ने क्षमता पनि उत्तिकै महत्वपूर्ण हुने कुरालाई पुनः स्मरण गरायो। उहाँहरू दुवैले एनआरटी तालिममा आफ्नो लामो समयदेखिको कार्यगत अनुभव र व्यावहारिक ज्ञान प्रस्तुत गर्नुभएको थियो। सन् २००१ मा नेपाल रेडक्रस सोसाइटीमा आबद्ध भई हाल चितवन जिल्ला शाखामा कार्यरत रहेका नवीनका लागि आपत्कालीन अवस्थामा कार्य गर्नु नौलो होइन। अर्कातिर, जुनियर रेडक्रसबाट आफ्नो रेडक्रसको मानवीय स्वयंसेवा यात्रा सुरुआत गर्नुभएका प्रकाश सन् २००९ देखि नेपाल रेडक्रसको कर्मचारीका रूपमा कार्यरत छन्। उहाँले विकास कार्यक्रमका साथै आपत्कालीन प्रतिकार्यका कार्यहरूमा सहयोग पुऱ्याउँदै आउनुभएको छ। तै पनि, दुवै तालिमप्राप्त उद्धारकर्मीका अनुसार सन् २०२६ को जुनमा नेपाल रेडक्रसद्वारा आयोजित 'एनआरटी' तालिमले केही फरक अनुभव प्रदान गऱ्यो। अर्थात्, आपत्कालीन प्रतिकार्यका लागि अझ व्यवस्थित र समन्वयात्मक दृष्टिकोण प्रदान गऱ्यो। नवीन स्मरण गर्नुहुन्छ, "मसँग पहिले नै व्यावहारिक स्थलगत अनुभव थियो। एनआरटी तालिमले मलाई अझ व्यवस्थित तरिका अपनाएर उक्त अनुभवलाई थप सुदृढ र व्यवस्थित बनाउन सहयोग पुऱ्यायो।"

उहाँका लागि सबैभन्दा महत्वपूर्ण सिकाइहरूमध्ये क्षति तथा आपत्कालीन आवश्यकताको लेखाजोखा कसरी गर्ने र राहत वितरणको योजना अझ प्रभावकारी रूपमा कसरी बनाउने भन्ने सिकाइ थियो। "विपद्का समयमा मानिसहरूका विभिन्न आवश्यकता हरू हुन्छन् र ती सबैलाई तत्काल पूरा गर्न प्रायः सम्भव हुँदैन," उहाँ भन्नुहुन्छ, "यस तालिमले मलाई प्रभावित परिवारहरूका सबैभन्दा अत्यावश्यक आवश्यकताहरू पहिचान गर्न तथा अझ लक्षित र प्रभावकारी ढङ्गले सहयोगको योजना बनाउन सहयोग गऱ्यो।"

ती ज्ञान र सीपहरूको परीक्षण लगभग तुरुन्तै भयो। रसुवा, नुवाकोट र धादिङसहित आसपासका जिल्लाहरूमा आएको भीषण बाढीपछि, प्रभावित समुदायहरूसम्म पुग्न उद्धार तथा राहतकर्मीहरूले ठूलो चुनौतीको सामना गर्नुपऱ्यो। बाढीले आवतजावतका मुख्य मार्गहरूमा आवतजावत गर्न अवरोध एवं क्षति भएका कारण ती जिल्लाहरूमा यातायात सम्पर्क विच्छेद भएको थियो।

सो क्रममा विपद्का राहत सामग्रीको ओसारपसारमा अवरोध सिर्जना भएको थियो। विद्युत् र सञ्चार सेवाहरू पनि नराम्ररी प्रभावित भएका थिए। जसका कारण धेरै परिवारहरू आफ्ना प्रियजनहरूसँग सम्पर्क गर्न वा सूचनाप्राप्त गर्न असमर्थ भए। साथै, त्यही समयमा, विपद्का कारण बेपत्ता भएका आफ्ना आफन्तहरू एवं प्रियजनका खोजीमा मानिसहरू व्याकुल भएर भौतारिरहेका थिए। प्रतिकार्यका क्रममा प्रकाशले द्रुत लेखा-जोखाहरूमा सहयोग गर्नुभयो। बाढी प्रभावितको खोज, उद्धार तथा राहत वितरण व्यवस्थापनमा समन्वय गर्नुभयो। स्वयंसेवक परिचालनमा सहयोग एवं समन्वय पुऱ्याउनुभयो र नगद सहयोग प्रदान गर्न सकिन्छ कि भनेर यकिन गर्न बजारको द्रुत मूल्याङ्कन समेत गर्नुभयो। "यसअघि पनि मैले विभिन्न विपद्को प्रतिकार्यमा सम्लग्न थिएँ। सामना गरेको थिएँ, तर भोटेकोशी बाढीको अवस्था भने अत्यन्तै फरक थियो।" प्रकाश भन्नुहुन्छ "त्यहाँको विनाश र सर्वस्व गुमाएका धेरै बालबालिकालाई देख्दा म निशब्द भएँ।" ती कठिन परिस्थितिहरूमा, एनआरटी तालिम बाट प्राप्त मूल्याङ्कनसम्बन्धी सीपहरूले अति आवश्यक दिशा प्रदान गर्न सहयोग गरे। उहाँ भन्नुहुन्छ "विपद्ले पुऱ्याएको ठूलो क्षति देखेर आत्तिनुको सट्टा, आवश्यकताको मूल्याङ्कन गर्ने विधिले मानिसहरूलाई तत्काल के-कस्ता सहयोग चाहिएको छ भन्ने बुझ्न र सबैभन्दा जोखिममा रहेका परिवारलाई पहिले प्राथमिकता दिन मलाई सहज बनायो। चितवन जिल्लामा नदीको तल्लो तटीय क्षेत्रमा, नवीन प्रतिकार्यको अर्को एक महत्वपूर्ण पक्षमा सहयोग गरिरहेका थिए।"

उहाँले केन्द्रीय कार्यालय, स्थानीय निकाय, सुरक्षा निकाय, जिल्ला शाखाहरू र स्वयम् सेवकहरूसँग नजिक रहेर काम गर्नुभयो।

सोही क्रममा उहाँ भन्नुहुन्छ "समन्वयात्मक निर्णय प्रक्रियामा सहयोग पुऱ्याएँ। सही सूचना सङ्कलन, विश्लेषण र आदान-प्रदान सुनिश्चित गर्न मद्दत गरें।" प्रकाशलाई तालिम अत्यन्तै उपयोगी साबित भयो। "किनभने परिस्थिति तीव्र गतिमा परिवर्तन भइरहेको थियो र प्रभावकारी समन्वय सही जानकारी तथा स्पष्ट सञ्चारमा निर्भर थियो" उहाँ भन्नुहुन्छ, "तैपनि, आपतकालीन प्रतिकार्यका प्राविधिक पक्षहरूका बीचमा पनि, त्यस सङ्कटसँग जोडिएका व्यक्तिगत कथाहरूलाई बेवास्ता गर्न असम्भव थियो।" नवीनका सबैभन्दा चुनौतीपूर्ण जिम्मेवारीहरूमध्ये एउटा नदी किनारमा फेला परेका मानव अवशेषहरूको व्यवस्थापन गर्ने कार्य थियो। "बाढीले माथिल्लो भागका जिल्लाहरूबाट शवहरू बगाएर ल्याएको थियो र धेरैजसो शवहरू केही दिनपछि फेला परेका थिए," उहाँ भन्नुहुन्छ। "केही गम्भीर रूपमा कुहिएका थिए, जसले गर्दा पहिचान गर्न अत्यन्तै चुनौतीपूर्ण बनेको थियो। एउटा सम्झना विशेष रूपमा जीवन्त छ। जब मैले शव राखिने केन्द्रको भ्रमण गरेको थिएँ, मलाई सधैं याद रहने एउटा क्षण सम्झनामा रहन गयो।"

बाढीपछि फेला परेका सामानहरूमध्ये एउटा बच्चाको विद्यालयको टाइ पनि थियो। उहाँ भन्नुहुन्छ, "त्यो टाइ एउटा महत्त्वपूर्ण सूचना बन्यो, जसले बच्चाको पहिचान गर्न र शोकाकुल परिवारलाई जवाफ दिन मद्दत गऱ्यो। विद्यालयको एउटा सामान्य टाइ कसरी परिवार र उनीहरूका प्रियजनबीचको एकमात्र सम्पर्क सूत्र बन्यो भन्ने कुरा निकै मर्माहत बनाउने खालको थियो।"

प्रकाशलाई उद्धार तथा राहत कार्यका क्रममा भेटेका मानिसहरू पनि याद छन्। "धेरै परिवारले आफ्ना कम उमेरका सदस्यहरू गुमाएका थिए", उहाँ भन्नुहुन्छ, "उनीहरू सबैमाझ एउटा साझा कुरा के थियो भने, उनीहरू आफ्ना प्रियजनहरूको सम्झनामा थिए। भौतिक सम्पत्ति महत्वपूर्ण थिएन।" यस चुनौतीपूर्ण समयमा, धेरै मानिसहरूले आफ्नै व्यक्तिगत क्षति बेहोर्नुपरेको भए तापनि प्रभावित समुदायहरूलाई सहयोग गर्न अग्रसरता देखाए। दुवै उद्धारकर्ताका लागि, यी अनुभव हरूले मानवीय कार्यसम्बन्धी एउटा साझा पाठलाई अझ बलियो बनाए। स्वयंसेवक तथा समुदायका सदस्यहरूसँग मिलेर काम गर्ने क्रममा उहाँहरूले असीम पीडाका साथै उल्लेखनीय सहनशीलता र ऐक्यबद्धता पनि देखे।

सो अवसरमा स्वयंसेवक नवीन भन्नुहुन्छ, "हरेक तथ्याङ्को पछाडि एक व्यक्ति, एउटा परिवार र सधैंका लागि बदलिएको जीवन हुन्छ।"

नेपालभरि जलवायु तथा विपद्जन्य जोखिमहरू बढ्दै जाँदा, हालैका बाढी प्रतिकार्यका अनुभव बाट सिकिएका पाठहरू पहिलेभन्दा अझ बढी सान्दर्भिक भएका छन्। नवीन र प्रकाशजस्ता विपद् प्रतिकार्यमा खटिनेहरूका लागि, पूर्वतयारी भनेको विपद् आइपर्दा काम गर्न तयार रहनु मात्र होइन; यसको अर्थ अत्यन्त कठिन क्षणको सामना गरिरहेका मानिसहरूले आफूलाई सबैभन्दा बढी आवश्य-कता पर्दा समयमै सहयोग, सम्मान र आशा प्राप्त गर्ने सुनिश्चित गर्नु पनि हो।

पूर्वतयारीले सायदै कहिल्यै मुख्य समाचारमा स्थान पाउँछ, तर यसको प्रभाव मानिसहरूसम्म छिटो पुग्ने हरेक प्रतिकार्यमा, सबैभन्दा बढी आवश्यकता परेको बेला सहयोग पाउने हरेक परिवारमा र आगामी सङ्कटको सामना गर्न अझ राम्ररी तयार भएको हरेक समुदाय मा महसुस गरिन्छ।

(लेखक उहाँ पौडेल रेडक्रस तथा रेडक्रिसियन सोसाइटी को महासंघ (आइएफआरसी) नेशनल सोसाइटीको प्रिपियरनेस संयोजक हुनुहुन्छ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं।**

नेपाल सरकार,
विज्ञापन बोर्ड

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

## टेलिकम जुम्लाद्वारा पाँच हजार ७८९ सिमकार्ड वितरण

❑ *प्रत्यूष समाचारदाता*

जुम्ला । नेपाल टेलिकम शाखा कार्यालय जुम्लाले गत आर्थिक वर्ष २०८२/८३ मा करिब पाँच हजार ७८९ वटा सिमकार्ड वितरण गरेको छ ।

त्यस्तै चालु आवको असोज समान्तसम्म टेलिकमले एक हजार २१२ वटा सिमकार्ड वितरण गरेको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाका प्रमुख पारस पुजाराले जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्लामा एक हजार ७२२ ग्राहकले नेपाल टेलिकमको तीव्रगतिको फाइबर इन्टरनेट सेवा लिएका छन् । अहिले जिल्ला सदरमुकाम खलङ्गा बजारमा मात्र फाइबर इनटरनेट सेवा सञ्चालनमा छ ।

जिल्लाका आठ स्थानीय तहमा टेलिकमको फाइबर इन्टरनेट सेवा विस्तारका लागि टेलिकमको केन्द्रीय कार्यालयसँग पहल भइरहेको प्रमुख पुजाराले बताउनु भयो । टेलिफोन टावर निर्माण नहुँदा गुठीचौर गाउँपालिका-१ स्थित निपानी र तातोपानी गाउँपालिका-८ का ग्रामीण भेगका गाउँ बस्तीका स्थानीयवासी टेलिफोन सेवाबाट वञ्चित भएको उहाँको भनाइ छ ।

जिल्लामा २० स्थानबाट फोरजी सेवा र सातवटा ठाउँमा टुजी सेवासहितका टावरबाट सञ्चार सेवा प्रवाह भइरहेको छ । पछिल्लो समय टेलिकमले जिल्लामा २४ वटा टावर विस्तार गरेको छ । त्यसमध्ये सबैभन्दा बढी चन्दननाथ नगरपालिका भित्र पाँच, गुठीचौरमा चार, हिमामा तीन, कनकासुन्दरीमा तीन, पातारासीमा दुई, सिञ्जामा दुई, तातोपानीमा दुई र तिलामा तीनवटा टावर विस्तार गरिएको प्रमुख पुजाराले जानकारी दिनुभयो ।

पछिल्ला महिनामा ग्रामीण भेगसम्म टेलिकमले टावर विस्तारको कामलाई तीव्रगतिमा अगाडि बढाएको छ । ग्रामीण क्षेत्रमा टेलिफोन नेटवर्कलाई थप सुदृढीकरण गरी गाउँ बस्तीमा सञ्चार सेवा पुर्याउने उद्देश्यका साथ टावर विस्तारलाई विशेष जोड दिएको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाले जनाएको छ । उक्त कार्यालय आफ्नो कार्यक्षेत्र जुम्ला सहित कालीकोट र मुगुमा समेत टावर विस्तार गरेको छ । नेपाल टेलिकमका अनुसार कालीकोटमा २२ र मुगुमा १९ वटा टावर विस्तार गरिएको छ ।

## दसैं एकातिर, धान भित्र्याउने चटारो अर्कातिर

डडेल्धुरा । नेपालीहरूको महान् चाड बडादसैं नजिकिँदै गर्दा यहाँका किसान भने धान लगायतका बालीनाली भित्र्याउन व्यस्त रहेका छन् ।

नेपालको मुख्य बाली धान भित्र्याउने समयमै यसपटक दसैं सुरु भएपछि किसान यतिबेला खेतबारीमै व्यस्त रहनुपरेको हो । वर्ष दिनमा एकपटकमात्रै आउने दसैं मनाउन घर फर्किएका समेत आफन्तसँग भेटघाटसँगै खेतबारीमै बालीनाली उठाउने कार्यमा रमाइरहेका पाइएको छ ।

पछिल्ला केही दिन यहाँका हरेक घरपरिवार बिहान सबेरै खेतबारी पुग्ने र साँझ अबेरमात्रै घर पुग्ने दैनिकी बनेको छ ।

अहिले दसैंभन्दा पनि किसानलाई बर्खेबाली भित्र्याउन व्यस्त रहनुपरेको भागेस्वर गाउँपालिका-४ की देवकी भट्ट बताउनुहुन्छ । "मकै र धानबाली भित्र्याइएको छ, आजभोलि भटमास, सोयालगायत दलहन बाली भित्र्याउन लागिएको छ", उहाँले भन्नुभयो, "अहिले महिला विषेशगरी खर काट्नमै पनि व्यस्त रहेको पाइएको छ ।"

डडेल्धुराको भित्री मधेस आलिताल परशुरामका किसानलाई पनि आजभोलि धान काट्ने, बिटा बाँध्ने, झार्ने र भित्र्याउनमै व्यस्त रहेका छन् । केही दिनअघिसम्मको लगातारको वर्षाका कारण पाकेको धान भित्र्याउन अहिले पनि समस्या भइरहेको परशुराम नगरपालिका-४ का किसान यशोदा जोशी बताउनुहुन्छ ।

"मिहिनेत गरेर फलाएको धानबाली भित्र्याउन नपाउने चिन्ता छ, मौसमले साथ दिए हुन्थ्यो", उहाँले भन्नुभयो, "दसैंभन्दा पनि किसानका लागि खेतमा लगाएको बाली भित्र्याउने मुख्य प्राथमिकता छ ।" वर्ष दिनमा आउने चाडमा



रमाइलो गरी मनाउन रहर भए पनि फुर्सद नपाउँदा खेतमै अधिकांश समय बित्ने गरेको किसानको भनाइ छ । बर्खेबाली भित्र्याउने र हिउँदे बाली छर्ने समय रहेकाले किसानलाई दसैंतिहार मनाउनभन्दा पनि खेतबारीमै बढी व्यस्तता रहेको अमरगढी नगरपालिका-७ का किसान कल्पना भट्टले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो समय भनेको कामको चटारो हुने हो, महिला भने बिहान उज्यालो नहुँदै खेतमा पुग्छन्, खाना खानसमेत फुर्सद नहुने किसानलाई दसैंको रमाइलोबारे थाहा भए पनि काम सक्नमै ध्यान बढी हुन्छ, त्यसमै सन्तुष्ट हुनुपर्छ ।"

जिल्लामा सबैभन्दा बढी परशुराम नगरपालिकामा एक हजार २३७ हेक्टरमा क्षेत्रफलमा धान लगाइएको छ । जिल्लामा छ हजार १८८ हेक्टरमा बर्खे धानखेती हुने गरेको कृषि ज्ञान केन्द्र डडेल्धुराका प्रमुख नरेन्द्र पनेरुले बताउनुभयो । जिल्लामा गत वर्ष बर्खे धान २१ हजार ४०० मेट्रिक टन उत्पादन भएको तथ्याङ्क छ ।

## पर्वतीय विपद् व्यवस्थापनका लागि नीतिगत पुनरावलोकन गर्नुपर्ने

काठमाडौं । गृह मन्त्रालयका सहसचिव एकदेव अधिकारीले नेपालमा बढ्दो पर्वतीय विपद्को जोखिम न्यूनीकरणका लागि विद्यमान नीति, कानुन तथा विपद् व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्न आवश्यक रहेको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसका अवसरमा आयोजित विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाँचौं राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा उहाँले नेपालको भौगोलिक अवस्था र पछिल्लो समय देखिएका विपद्का घटनालाई ध्यानमा राखेर जोखिम व्यवस्थापनको समग्र प्रणाली विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले उच्च हिमाली क्षेत्रमा हुने अतिवृष्टि, पहिरो, नदीमा आकस्मिक बाढी तथा बूढीगण्डकी क्षेत्रमा देखिएका सुख्खा पहिरो र नदी थुनिने घटनालाई अलग-अलग रूपमा मात्र नहेरी तिनको अन्तरसम्बन्ध र समग्र जोखिमको विश्लेषण गर्नुपर्नेमा जोड दिनुभयो । "हाम्रा आफ्नै भौगोलिक अवस्था र समस्यालाई ध्यानमा राखेर विपद् व्यवस्थापनलाई विकास नीतिमा समाहित गर्नुपर्छ । पूर्वतयारी, उद्धार र राहतका कामलाई पनि जोखिममा आधारित समग्र प्रणालीका रूपमा विकास गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

विपद् पूर्ण रूपमा रोक्न नसकिए पनि मानवीय क्षति न्यूनीकरण र महत्वपूर्ण पूर्वाधारको संरक्षण गर्न सकिने उहाँको भनाइ थियो । त्यसका लागि पूर्वाधार निर्माणको डिजाइन, सुरक्षा तथा तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकको संरक्षणलाई प्राथमिकता मा राख्नुपर्ने उहाँले बताउनुभयो ।

सहसचिव अधिकारीले गृह मन्त्रालयले उच्च हिमाली क्षेत्रमा उत्पन्न हुने विशिष्ट प्रकृतिका विपद् व्यवस्थापनका लागि आवश्यक ढाँचा विकास गर्न काम गरिरहेको जानकारी दिनुभयो । यसका लागि वैज्ञानिक, प्राज्ञिक क्षेत्र, विकास साझेदार तथा एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)जस्ता संस्थाले गरेका अनुसन्धान र अध्ययनको पुनरावलोकन गरिने उहाँले बताउनुभयो । सम्मेलनले आगामी दिनमा आवश्यक नीतिगत सुधारका लागि महत्वपूर्ण सुझाव र सिफारिस प्राप्त हुने विश्वास व्यक्त गर्दै उहाँले विपद् व्यवस्थापनमा संलग्न सबै निकाय तथा विज्ञको सहयोग आवश्यक रहेको कुरा बताउनुभयो ।

यसैगरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले जलवायु परिवर्तन लगायत विभिन्न कारणले विपद्को जोखिम बढ्दै गएको बताउनुभयो । यस वर्षको अन्तरराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवसको 'घरबाटै उत्थानशीलताको सुरुआत' भन्ने नाराले घरपरिवारबाट सुरु हुने सुरक्षित अभ्यास समुदाय, समाज, राष्ट्र हुँदै विश्वव्यापी रूपमा विस्तार हुनुपर्ने सन्देश दिएको उहाँले बताउनुभयो । उहाँले बाढी, पहिरो, हावाहुरी, चट्याङ तथा शीतलहर जस्ता विपद्का साथै पश्चिमी वायुका कारण कृषि क्षेत्रमा पर्ने असरलाई समेत विपद् जोखिम व्यवस्थापनको दायरामा राख्नुपर्ने उल्लेख गर्नुभयो ।

भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढीले विगतमा प्रयोग हुँदै आएका बाढीको सतर्कता तथा खतरा तहसम्बन्धी मापदण्ड र पूर्वसूचना प्रणालीको प्रभावकारिता माथि पुनर्विचार गर्नुपर्ने सन्देश दिएको उहाँको भनाइ थियो ।

"विगतमा तय गरिएका बाढीको मापन र जोखिमका सूचकले सबै परिस्थितिलाई समेट्न नसक्ने अवस्था देखिएको छ ।

त्यसैले प्रचलित पूर्वसूचना प्रणाली, कानुन, नीति, रणनीति र विपद् व्यवस्थापनका ढाँचालाई पुनरा-वलोकन गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

विपद् पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट)का अध्यक्ष डा वसन्तराज अधिकारीले भोटेकोशी बाढी प्रभावित क्षेत्रलगायत जोखिमयुक्त स्थानमा जोखिम संवेदनशील भूउपयोग योजना बनाएर विकास निर्माणका काम अघि बढाउन सुझाव दिनुभयो ।

सो क्रममा बोल्नुहुँदै उहाँले विपद्बाट हुने क्षति न्यूनीकरणका लागि समुदायस्तरदेखि नै विपद् व्यवस्थापनसम्बन्धी शिक्षा र जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको बताउनुभयो ।

## भीमसेनस्थानमा सामूहिक दुर्गा पूजा

काठमाडौं । नवरात्रका अवसरमा काठमाडौं महानगरपालिका वडा न २० स्थित भीमसेनस्थानमा सामूहिक दुर्गा पूजा सुरु गरिएको छ ।

जय मातादी सेवा समाज को आयोजनामा आश्विन शुक्ल प्रतिपदादेखि सामूहिक दुर्गा पूजा सुरु गरिएको अध्यक्ष सन्तोषकुमार गुप्ताले राससलाई जानकारी दिनुभयो ।

असोज २५ गते आइतबार देखि सुरु गरिएको सामूहिक दुर्गा पूजा कात्तिक ४ गते विजया दशमीका दिन बिहानसम्म गरिने पनि उहाँले सुनाउनुभयो । दुर्गा पूजामा दैनिक हजारौं भक्तजन सहभागी हुने गरेका छन् ।

दुर्गा पूजाका क्रममा असोज ३० गते शुक्रबार भीमसेन स्थान क्षेत्रमा पालकी यात्रा गरिने समाजले जनाएको छ । भीमसेन स्थान स्थित परोपकार पुलमुनि असोज ३१ गते शनिबार फूलपाती का दिनमा पालकीबाट दुर्गादेवीको आँखा खोलिने कार्यक्रम राखिएको छ ।

समाजले बेलको हाँगामा दुर्गादेवीको बास हुने विश्वासमा पूजामा राख्ने गरेको अध्यक्ष गुप्ताले बताउनुभयो । दुर्गा पूजाका क्रममा महाअष्टमी र महानवमीका दिनमा राति जागरणको कार्यक्रम राखिएको छ ।

विगत १९ वर्षअघिदेखि समाजले यहाँ प्रत्येक वर्ष सामूहिक दुर्गा पूजा गर्दै आएको छ । असोज २५ गते भद्रकाली मन्दिरबाट कलशयात्रा गरी दुर्गा पूजा सुरु गरि एको थियो ।

कात्तिक ४ गते विजया दशमीका दिन देवी विसर्जन गरी दुर्गाको प्रसाद लगाएपछि दुर्गा पूजा समापन गरिने जनाइएको छ ।

## प्रचण्ड रसुवा-भोटेकोशी बाढीका मृतकको घेवामा सहभागी



बेत्रावती । नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' रसुवा-भोटेकोशी बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा आयोजित विशेष पूजा (घेवा)मा सहभागी हुनुभएको छ ।

नुवाकोटको बेत्रावतीस्थित उत्तरगयाधाममा मंगलबार बौद्ध परम्पराअनुसार लामाहरूले पूजा गरेका छन् । पूजामा सहभागी हुँदै प्रचण्डले मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । बाढी गएको ४९औं दिनका अवसरमा मृतकहरूको आत्म शान्तिको कामना गर्दै विशेष पूजा आयोजना गरिएको हो ।

बाढीबाट घरबारविहीन बनेका परिवारका लागि वाइसीएल नेपालले निर्माण गरेका अस्थायी आवास हस्तान्तरण गर्न नुवाकोट पुग्नुभएका प्रचण्ड विशेष घेवामा सहभागी भएर श्रद्धाञ्जली व्यक्त गर्न बेत्रावती पुग्नुभएको हो ।

## हुलाक सेवालाई व्यवस्थित गर्छौं : मन्त्री तिमिल्सिना

काठमाडौं । सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले नेपालको हुलाक सेवालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय सेवाका रूपमा अघि बढाइने बताउनुभएको छ ।

हुलाक सेवा विभागद्वारा मंगलबार आयोजित आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा अन्तर्क्रिया कार्यक्रम मा उहाँले विश्वमै हुलाकको आफ्नै ऐतिहासिक महत्व र गरिमा रहेको स्पष्ट पार्नुभयो ।

मन्त्री डा तिमिल्सिनाले हुलाक सेवालाई क्षमता अभिवृद्धि गरी युग सुहाउँदो तुल्याएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी सेवा प्रवाह गर्ने संस्थाका रूपमा विकास र विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । मन्त्री तिमिल्सिनाले भन्नुभयो, "अन्तरराष्ट्रियस्तरमा हुलाक सेवा कहीं पनि खारेज भएको छैन, यसको सेवामा परिवर्तन हुँदै आएकाले नेपालमा पनि हुलाकलाई प्रभावकारी बनाउन कर्मचारीको क्षमता अभिवृद्धि, साधनस्रोत सम्पन्न र दूरदराजका जनतासम्म सेवा पुर्याउने कार्यमा सहयोग गर्न सरकार लागिपरेको छ ।"

उहाँले विगतमा हुलाकका गतिविधि, कमीकमजोरी र देखिएका समस्याको पहिचान गरी आगामी दिनमा हुलाकको काम प्रभावकारी बनाउन मतहतका कर्मचारीको विशेष पहल आवश्यक रहेको बताउनुभयो ।

मन्त्री तिमिल्सिनाले बजेट अभाव, साधनस्रोत कमी र कार्यसम्पादनमा जटिलता देखाएर कुनै पनि कर्मचारी आफ्नो अधिकार र कर्तव्यबाट नपन्छिन निर्देशन दिनुभयो । हुलाकको सेवालाई छिटोछरितो र गुणस्तरीय बनाउनेमा विभाग मातहतका सबै निकाय र कर्मचारीको सकारात्मक सोच र प्रतिबद्धता आवश्यक रहेको उहाँको भनाइ छ ।

सरकारले हुलाकमा गरेको लगानीको पूर्ण सदुपयोग गर्न कर्मचारीतन्त्रले सकारात्मक सोच र प्रतिवद्धताका कार्यसम्पादन गर्नुपर्ने उहाँले धारणा व्यक्त गर्नुभयो । उहाँले वर्तमान सरकारले सुशासनमा जोड दिएकाले कार्य सम्पादन का सिलसिलामा देखिएका कुनै पनि समस्याको समाधानका लागि खाका लिएर आए सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । हुलाक सेवामा रहेको सवारीसाधन सम्बन्धी समस्या हटाउन एक सय थान मोटरसाइकल खरिद प्रक्रिया सुरु भएको जानकारी दिँदै मन्त्री डा तिमिल्सिनाले अतिरिक्त हुलाकका कर्मचारीको सुविधा समयानुकूल बनाउने सन्दर्भमा मन्त्रालय सकारात्मक रहेको बताउनुभयो ।

मन्त्रालयका सचिव राजेन्द्र कुमार पौडेलले हुलाक सेवाको कामलाई आधुनिक, प्रविधिमैत्री र प्रभावकारी तुल्याउँदै प्रदेश र स्थानीय तहसँग समन्वय गरी छिटो र गुणस्तरीय सेवा दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

एक सय ५२औं विश्व हुलाक दिवसका अवसरमा उत्कृष्ट कार्यसम्पादन गरेको भनी घोषणा गरिएका गोरखा, सल्यान, म्याग्दी र भक्तपुर हुलाक कार्यालयका प्रमुखहरू सम्मानित हुनुभएको छ ।

उक्त कार्यक्रममा हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षक ध्रुवराज आचार्यलाई नगद सहित पुरस्कृत गरिएको थियो ।

# मिथिलावासी यतिखेर माता दुर्गाको भक्तिगानमा

महोत्तरी । मिथिलावासी यतिखेर माता दुर्गाको भक्तिगानमा डुबेका छन् ।

दशहरा (बडादसैं) पर्वको नवरात्र गत आइतबारदेखि सुरु भएसँगै महोत्तरीसहितका प्राचीन मिथिलावासी देवी दुर्गाको भक्तिमा डुबेको हुन् । मठ मन्दिर हुन् वा चोकबजार क्षेत्र जताततै देवी दुगाको महिमा भावका भजन गुञ्जदै छन् ।

(नवरात्रका बेला माता तपाईंको ढोकामा आएको/आएकी छ। मेरो जीवन तपाईंको भक्तिरसले भरि दिनोस् । हे जगत् कल्याणी, लोभ मोह र अहङ्कार नास गरी मलाई सत्यको बाटोमा अग्रसर गराउनोस् ।)

भजनमा दुर्गाप्रति समर्पण भावले सत्यपथमा हिँड्न अभिप्रेरित गर्नमात्र हैन, आफूले भोगेका पीडाबाट छुटकाराका लागि पनि देवीको पुकार गरिएका भाव भेटिन्छन् ।

देवी दुर्गा सम्पूर्ण शक्तिको स्रोत मानिने हिन्दू मैथिल परम्परा छ । दुर्गाको कृपाबाटै सुख शान्ति, आपसी प्रेम सद्भाव रहने र सबैतिर सुमङ्गल कल्याण रुपी प्रकाश छाउने विश्वास रहेको पाइन्छ । मैथिली संस्कृतिविद् जलेश्वर-५ पतैलीका बासिन्दा याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) मटिहानीका पूर्व सहप्राध्यापक ध्रुव रायले दुर्गा माताको रहेका मैथिली भजनमा निम्न भाव भेटिएको बताउनुभयो । द्वेष, मोह सबै मेटियोस्, प्रेमको दियो बलोस् । सम्पूर्ण मिथिलाबासी का घर आँगनमा मङ्गल (कल्याण) रुपी दियो जगमगाओस् । अहिले शारदीय नवरात्रका बेला मिथिला क्षेत्रका बस्तीबस्ती समुदायकै तत्परतामा सरसफाइ गरिएका छन्। मिथिलामा समुदायस्तरमा यस्तो सामूहिक अभियान दशहरा (दसैं), दीपावली र छठबाहेक अरु बेला खासै देखिन्न। सबैमा देवी दुर्गाप्रति भक्ति र समर्पण भाव पाइन्छ । असत्यमाथि सत्यको विजयको प्रतीकका रुपमा मनाइने पर्व हुँदा दशहरामा आम मान्छेमा सद्विचार फुर्ने गरेको पाका मैथिल बताउँछन्। "अरु बेला जालझेल गर्ने पनि यो बेला भक्तिमा डुब्छन् । नवरात्रको प्रारम्भदेखि नै बस्ती-बस्तीमा आयोजना हुने सांस्कृतिक कार्यक्रममा दुर्गा भजन र झिझिया नृत्यको परम्परा छ ।"

बर्दिबास-२ का बासिन्दा ७० वर्षीय वीरेन्द्र झा भन्नुहुन्छ, "मैथिल परम्परामा शारदीय नवरात्रमा फलाहारमात्र गरेर व्रत गर्ने अझै धेरै भेटिन्छन् ।" मन, वचन र कर्ममा सात्विकता अवलम्बन गर्नु यस पर्वको मुख्य सन्देश रहेको बताउनुहुन्छ । मिथिलामा घरआँगन लिपपोत गर्ने, रङरोगन गर्ने र गाउँबस्तीकै सरसफाइ र सडक बत्तीको व्यवस्थापन दशहरा, दीपावली र छठमै गरिन्छ । चारैतिर हर्षबढाइँ, देवी दुर्गाका भजन र मेला उत्सवको परिवेश बनेको छ । दिउँसो के रात ? सबैतिर झलमल्ल प्रकाश हुने सडक बत्ती जडित छन् ।

रात पनि उज्यालो बनाएको छ । देवी दुर्गा हुन् वा दीपावलीमा आराधना गरिने लक्ष्मी । त्यस्तै छठमा आराधना गरिने षष्ठी (छठीमाता) सबै देवी उज्यालो र कल्याणदायक मानिन्छन् । अहिले नवरात्र र एकपछि अर्को पक्षमा दीपावली र छठ लगातार पर्ने हुँदा यहाँको परिवेश नै पर्वमय बनेको छ । सबै भक्तिरसमा डुबेका छन् । माध्यमिक विद्यालयको पूर्वप्रधानाध्याप चन्द्रनारायण सिंह थारुले दशहरादेखि छठसम्मको अवधि मिथिला संस्कृतिमा विशिष्ट रहेको बताउनुहुन्छ । उक्त पर्वले आपसी प्रेम, सद्भाव र आपसी एकताका लागि अभिप्रेरित गर्नेहुँदा यिनले वैश्विक पहिचान पाएका पाका मैथिलको भनाइ छ ।

# सरकारी सवारीसाधन दुरुपयोग गर्ने पक्राउ

बनेपा । काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-३ कुशादेवीका ४० वर्षीय गणेश सापकोटा पक्राउ परेका छन् ।

सार्वजनिक बिदाको दिन (शनिबार), असोज २४ गते सरकारी सवारी साधन दुरुपयोग गरी सार्वजनिक स्थानमा सर्वसाधारणसँग अभद्र व्यवहार गरेको आरोपमा उनी पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका सूचना अधिकारी रबिन विष्टले सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोका आधारमा सापकोटालाई असोज २५ गते पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा उपस्थित गराएको छ । सापकोटा लाई जिल्ला प्रशासन कार्यालयबाट तीन दिनको म्याद थप अनुमति लिएर इलाका प्रहरी कार्यालय बनेपाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको सूचना विष्ट जानकारी दिनुभयो ।

सो क्रममा उहाँका अनुसार सापकोटामाथि अभद्र व्यवहार सम्बन्धी कसुरमा कारबाही प्रक्रिया अघि बढाइनेछ ।

# झोलुङ्गे पुल पुनः निर्माण गर्न २० करोड लाग्ने अनुमान

महेन्द्रनगर । कञ्चनपुर जिल्लाको ऐतिहासिक दोधारा चाँदनी झोलुङ्गे पुल पुनःनिर्माणका लागि रु २० करोड लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

गत असोजको दोस्रो साता महाकाली नदीमा रहेको झोलुङ्गे पुलको एउटा पिल्लर भत्किएको र अन्य भागमा समेत क्षति पुगेपछि पुलमा आवागमन बन्द छ । काठमाडौँबाट सस्पेन्सन ब्रिज डिभिजनका उपमहानिर्देशक कमलकुमार अधिकारीको नेतृत्वमा आएको प्राविधिक टोलीले पुलको क्षति अध्ययन गरेको छ ।

उपमहानिर्देक अधिकारीले आफूहरुले पुलको क्षतिको अवस्था र पुनःनिर्माणमा लाग्ने खर्च विवरणसहितको प्रतिवेदन स्थानीय पूर्वाधार विकास विभागमा प्रतिवेदन पेस गरेको जानकारी दिनुभयो । टोलीले रु सात करोड बराबरको क्षति भएको निष्कर्ष निकालेर प्रतिवेदन विभागमा पेस गरेको छ । उहाँले पुल पुनःनिर्माणका लागि रु २० करोड लाग्ने बताउनुभयो ।

"सात करोड बराबरको क्षति भएको छ । पुनःनिर्माणमा बीस करोड लाग्ने लाग्ने भनेर प्रतिवेदन नै बनाएर पेस भइसक्यो ।" उपमहानिर्देशक अधिकारीले भन्नुभयो, "योजनामा राखेर बजेट विनियोजन भए हामी काम गर्न तयार नै छौँ ।" उहाँले महाकालीमा पानीको बहाव कम भएपछि मात्रै पुनःनिर्माण थालना गर्न सकिने बताउनुभयो । "पानी सुकेपछि मात्रै सोयल टेष्ट हुने हो", उहाँले भन्नुभयो, "त्यसका लागि हिउँदमा मात्रै काम थालनी हुनसक्छ ।"

उहाँले बजेट व्यवस्थापन भए पुनःनिर्माण थालिएको एक वर्षमा पुल बनी सक्ने बताउनुभयो । अध्ययनका क्रममा पुलको ढलेको पिल्लरसँगै दायाँ-बायाँतर्फका थप दुई पिल्लरसमेत कमजोर अवस्थामा रहेको प्राविधिक टोलीको भनाइ छ । झोलुङ्गे पुलभन्दा अढाइ किलोमिटर उत्तरतर्फ चार लेनको पक्की पुल निर्माण भएकाले दोधारा चाँदनीको आवागमन पूर्ण रुपमा प्रभावित भने भएको छैन ।

यता सुदूरपश्चिम प्रदेश सरकारले दोधारा चाँदनी झोलुङ्गे पुल पुनःनिर्माणका लागि रु एक करोड बजेट विनियोजन गरेको छ ।

# इन्टरनेट प्याकेज बेच्ने १४ सेवा प्रदायकलाई जरिवाना

काठमाडौँ । नेपाल दूरसञ्चार प्राधिकरणले स्वीकृत मापदण्ड विपरीत इन्टरनेट सेवा सञ्चालन गरेको भन्दै १४ वटा इन्टरनेट सेवा प्रदायकलाई रु ५० हजारका दरले जरिवाना गरेको छ ।

प्राधिकरणले जारी गरेको अनुमतिपत्रका सर्तविपरीत काम गरेको निरीक्षण तथा जाँचबुझ प्रतिवेदनबाट पुष्टि भएपछि दूरसञ्चार ऐन, २०५३ को दफा ४७(१) बमोजिम ती सेवा प्रदायक लाई जरिवाना गर्ने निर्णय गरिएको प्राधिकरणद्वारा आज जारी प्रेस विज्ञप्तिमा जनाएको छ ।

प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालका अनुसार स्वीकृत प्याकेज अनुसार इन्टरनेट सेवा उपलब्ध नगराएको, तोकिएको भन्दा बढी शुल्क लिएको, स्वीकृत प्याकेजभन्दा फरक प्याकेज बनाएर बिक्री गरेको तथा त्यस्ता प्याकेज बारे सेवाग्राहीलाई तोकिएको समयमा जानकारी नदिएको लगायतका विषयमा कारवाही गरिएको हो । प्राधिकरणले स्वीकृत गरेको इन्टरनेटको गति र प्याकेजअनुसार सेवा उपलब्ध नगराउने तथा स्वीकृत दरभन्दा बढी शुल्क लिने कार्य उपभोक्ताको हितविपरीत भएको जनाउँदै त्यस्ता गतिविधि नियन्त्रण गर्न कारबाही गरिएको छ ।

प्राधिकरणका अनुसार सेवा प्रदायकले शुल्क निर्धारण सम्बन्धी निर्देशिकाबमोजिम प्रस्तावित दर र लागू हुने मितिसमेत उल्लेख गरी कम्तीमा तीन महिनाअघि स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था छ ।

# सरकारका गतिविधि अलोकतान्त्रिक

घोराही । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले लोकतन्त्र को आधारभूत मूल्य, मान्यतालाई पूर्ण रूपमा आत्मसात् गर्दै सरकारले आफ्ना गतिविधि अघि बढाउनुपर्ने बताउनुभएको छ । प्रेस चौतारी नेपाल दाङद्वारा मंगलबार घोराहीमा आयोजित पत्रकार सम्मेलनमा उहाँले मुलुकमा लोकतन्त्र स्थापनाका लागि महत्वपूर्ण योगदान पुर्‍याएका प्रतिपक्ष दललाई सरकारले बेवास्ता गरेको आरोप लगाउनुभयो ।

पुराना राजनीतिक दलले गरेका गल्ती कमजोरीका कारण गत फागुन २१ मा जनताले नयाँ वैकल्पिक शक्ति रोजेको भए पनि वर्तमान सरकार जनताको त्यो इच्छा र भावनाअनुरुप काम गर्नुपर्नेमा अलमलिएको धारणा व्यक्त गर्नुभयो ।

# नेप्से परिसूचक सामान्य अंकले बढ्यो

काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार सामान्य अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव १२ अङ्कले बढेर दुई हजार ५९९ दशमलव ९३ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३५ अङ्कले बढेर ४७० दशमलव १७ मा पुगेको छ । फ्लोट सूचक शून्य दशमलव ४९ अङ्कले बढेर १८० दशमलव ०२ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ८४ अङ्कले बढेर १५८ दशमलव ९७ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड ३५ लाख ५३ हजार ९७ कित्ता सेयर रु चार अर्ब ७३ करोड ६९ लाख २६ हजार ४०९ मूल्यमा खरिद बिक्री भएको छ ।

तेह्र वटै उपसमूहमध्ये पाँच उपसमूह बढ्यो भने आठ उपसमूह घट्यो । मंगलबार १०४ कम्पनीको सेयर बढ्यो भने १६७ कम्पनीको सेयर घट्यो । त्यसैगरी ७ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार मंगलबार सगरमाथा जलविद्युत् कम्पनी, नेपाल लाइफ समृद्धि लगानी योजना, एनआईसी एसिया ग्रोथ फण्ड लगायत लगानीकर्ताले कमाएका छन् । त्यसैगरी स्नो रिभर्स, धौलागिरी लघुवित्त वित्तीय संस्था र एनआईसी सेलेक्ट फण्ड लगायतका लगानी कर्ताले गुमाएका छन् ।

# स्थानीयवासीले जनश्रमदानबाट पैदल पुल निर्माण गर्दै

रसुवा । स्थानीयवासीले जनश्रमदान बाट आपत्कालीन पैदल पुल निर्माण सुरु गरेका छन् ।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनासकारी बाढीले स्याफ्रुबेँसीस्थित पक्की पुलसहित सडक सञ्जाल पूर्ण रूपमा बगाएपछि आवतजावतमा कठिनाइ भएपछि स्थानीयको सक्रियतामा भोटेकोशी खोलामा पुल निर्माण सुरु गरिएको हो ।

सरकारले सो क्षेत्रमा बेलीब्रिज निर्माण गरी यातायात सञ्चालन गर्ने तयारी गरिरहेको भए पनि सो कार्य पूरा हुन समय लाग्ने देखिएपछि स्थानीय समुदाय आफैं सक्रिय भएका हुन् । बाढीका कारण सडक सम्पर्कविच्छेद हुँदा किसान लाई कृषि उत्पादन बजारसम्म पुर्‍याउन तथा दैनिक आवतजावतमा कठिनाइ हुँदै आएको छ । श्रमदानमा जुटेकामध्ये सामाजिक अभियन्ता सोनामछिरिङ तामाङले लामो समयसम्म बाटो अवरुद्ध हुँदा गाउँमा दैनिक उपभोग्य सामग्रीको चरम सङ्कट र स्वास्थ्य उपचारमा समेत समस्या पर्न थालेपछि स्थानीयस्तरमै स्रोत र जनशक्ति जुटाई काम थालिएको बताउनुभयो । श्रमदानको उच्च महत्व रहेकाले हामीले सम्पूर्ण गाउँवासीलाई फुर्सद मिलाई श्रमदानमा सहभागी हुन हार्दिक अनुरोधसमेत गरेका छौँ ।"

सुरक्षा निकाय र स्थानीयको संयुक्त प्रयासमा केही दिनभित्रै स्याफ्रुबेँसीमा पुल निर्माण हुने विश्वास लिइएको छ ।

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
व्यावसायिक किट विकास केन्द्र, धुनिवेशी
धादिङ

**मौरीपालन प्रवर्द्धन थाक्रे १०, धादिङ कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२८ गते )

कृषि,पशुपन्छी,वन तथा वातावरण मन्त्रालय,बागमती प्रदेश अन्तर्गतको यस कार्यालयको आ.व.२०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ईच्छुक तथा गत आ.व. २०८२/८३ मा कृषि विकास निर्देशनालय र मातहतका कार्यालयबाट अनुदान प्राप्त नगरेको कृषि फर्म, कृषि समूह र कृषि सहकारीले यो सूचना प्रकाशित भएको २१ औ दिन (२०८३/०७/१७ गते) सम्ममा कार्यालय समय भित्र रीतपुर्वक मौरीपालन प्रवर्द्धन थाक्रे १०, धादिङ कार्यक्रमका लागि प्रस्ताव दर्ता गर्नहुन आव्हान गरिन्छ । रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ साथै आबश्यक कागजपत्र एवं थप जानकारीका लागि यसै कार्यालयको सूचना पाटी, थाक्रे गाउँपालिका कार्यालयको सूचना पाटी तथा थाक्रे गाउँपालिका वडा नम्वर १० को वडा कार्यालयको सूचना पाटीमा राखिएको सूचनाबाट थप जानकारीहरु लिनहुन अनुरोध छ ।

व्यावसायिक किट विकास केन्द्र,धुनिवेशी,धादिङ

# ग्राहकलाई भूमिगत विद्युतीकरणबाट विद्युत्

प्रमुख इन्जिनियर आनन्द सुवेदीका अनुसार अहिले पनि ग्राहककोमा भूमिगत विद्युत् जडानको काम भइरहेको छ । अहिले दैनिक १३ वटा हाराहारी मिटरमा लाइन जडानको काम भइरहेको छ ।

उहाँका अनुसार भूमिगत विद्युतीकरण अन्तर्गत १८ वटा फिडरमध्ये तीन वटामा लाइन जडानको काम बाँकी रहेको छ भने अन्यमा जडान गरी सकिएको छ । भूमिगत विद्युतीकरणअन्तर्गत भरतपुर महानगरपालिकाका एक हजार २४० ग्राहककोमा लाइन जडान गर्नुपर्ने हुन्छ । अहिलेसम्म आयोजनाले ९५ प्रतिशत काम सम्पन्न गरिसकेको उहाँले जानकारी दिनुभयो । भरतपुर महानगरभित्र विद्युतिय तार भूमिगत गर्नका लागि रु एक अर्ब ४० करोड लागत लाग्ने छ । सुरुआती समयमा रु एक अर्ब ३० करोड बजेट भरतपुरलाई विनियोजन गरिएको थियो । काम थपिएसँगै रु १० करोड थप गरिएको हो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com